# "Triple Benefit Program-Nepal”

## Terms of Reference (TOR)

सहमति र वर्ल्ड वाईड फन्ड (WWF) को साझेदारीमा नवलपरासी (ब.सु.पू) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाँऊपालिकाको गिन्द्रि जलाधार क्षेत्र र चितवन जिल्लाको भरतपुर महानगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र इच्छाकामना गाँऊपालिकाको खगेरी जलाधार क्षेत्रमा सञ्चालित **प्रकृतिमा आधारित समाधान–टि.वि.पि कार्यक्रम** सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायहरुको क्षमता अभिवृद्धी, जनचेतनामुलक कार्यक्रम, जलाधार क्षेत्र व्यवस्थापन, वन व्यवस्थापनमा सुधार, जीविकोपार्जन विविधीकरण, बजारमा पहुँच, वकालत र अभियानहरु, बहुपक्षिय छलफल, सहभागितामूलक र समावेशी संरक्षण अधिकारको क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन हुँदैछन् । यसै कार्यक्रमका लागि अनुसुचि १ अनुसार उल्लेखित होर्डिङ्ग वोर्ड खरिद गर्नुपर्ने भएकोले TOR मा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक आधिकारिक डिलर, सप्लायर्स स्थानिय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताबाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

**शर्तहरु :**

१। नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्बन्धित कम्पनीका आधिकारीक विक्रेताहरु यो दरभाउपत्र पेश गर्नको लागि योग्य हुनेछ ।

२। अनुसूची १ मा उल्लेख गरिएको होर्डिङ्ग बोर्डको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने छ । दरभाउ पत्र पेश गर्दा सामग्रीहरुको हकमा विवरण, ग्यारेन्टी, वारेन्टी आदि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।

३। कम्पनी/फर्म/अधिकृत विक्रेताले सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा उल्लेखित मिति भित्र दरभाउ पेश गर्नु पर्नेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका उक्त सिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।

४। सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन तपसिलमा उल्लेख भए बमोजिमको समयमा नै दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

५। सिलबन्दी दरभाउपत्रको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा (भ्याट सहित) स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै वाध्यात्मक शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको दरभाउपत्र स्वतः रद्द हुनेछ ।

६। आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत विक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

७। सिलबन्दी दरभाउपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

८। **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)
ख. फर्मदर्ताको प्रमाणपत्र तथा नविकरणको प्रतिलिपि ।
ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्ष (२०७९/८०) को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. सिलबन्दी दरभाउपत्र बुझाएको निवेदन ।

९। सिलबन्दी दरभाउपत्र पेश गर्दा अनिवार्य रुपमा यस TOR मा संलग्न अनुसूचि १ को प्रत्येक पानामा हस्ताक्षर गरी अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।

१०। माथि उल्लेखित सम्पूर्ण आवश्यक कागजातहरु लाहा छाप सहितको सिलबन्दी खाम भित्र हुनुपर्नेछ ।

११। सिलबन्दी दरभाउपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ र सो को कारण सप्लार्यस/दातालाई संस्थाले कारण खुलाउन बाध्य हुने छैन ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"होर्डिङ्ग वोर्ड खरिद"** लेखी मिति २०८०/११/०६ गते (18 Feb 2024) बेलुका ५:०० बजे भित्र **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासीमा वा हुलाक/कुरियर मार्फत पेश गर्न सकिनेछ ।

१२। सामाग्री खरिदका लागि TOR/Bidding documents सम्बन्धित संस्थाको वेभसाइट :http://www.sahamati.org/notice बाट प्राप्त गर्न सकिनेछ ।

**अनुसूची १ः होर्डिङ्ग वोड (Specification)**

| S.N | Materials | Offered Specifications | Unit | Quantity | Per unit price with 13% VAT | Total Price with 13% VAT | Amount in Words |
|---|---|---|---|---|---|---|---|
| 1 | Hoarding Board size 5*4 feet, 2 mm metal thickness in the board.<br><br>Metal Pole 2 inch in diameter (length 10 feet). 2 metal pole in one board<br><br>Strong Board metal Frame (1 inch in diameter) painting and message written in both sides.<br><br>Readymade | | Pieces | 24 | | | |
| | Total | | | | | | |

**नोट :**

क) होडिङ्ग बोडको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट हुन सक्ने छ जसको लागि कोटेशनदाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ ।

आवेदक

हस्ताक्षरः ..........................

नामः

मितिः

छापः